प्रमुखको संयोजकत्वको मल आपूर्ति तथा वितरण ब्यबस्थापन समिति गठन गरिने छ। उक्त समितिबाट अनुदान सहयोग अन्तर्गतको मलखादको आपूर्ति तथा वितरणलाई पारदर्शी एवं प्रभावकारी बनाउन बन्छानीय भएकोले मलखाद आपूर्ति तथा वितरण ब्यबस्थापन (नगरस्तर) कार्यबिधि बनाइ लागु गरिने छ।

२) उच्च गुणस्तरको बिउ, बिउ बिजन उत्पादन प्रशोधन तथा परीक्षण ब्यबस्था मिलाई गुणस्तरयुक्त बिउ बिजन सुव्यवस्थित रुपले उपलब्ध गराई सबै साधारण जनताको सुबिधा तथा आर्थिक स्थिति सुदृढ गर्ने बन्छानीय भएकोले बिउ बिजन ऐन (नगरस्तर) २०७४ ब्यबस्था गरिएको छ। यसै ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि बिउ बिजन नियमावली २०७४ बनाई लागु गरिनेछ।

२) क. सुचित नभएका बिउ बिजन बिक्री वितरण गर्न नपाइने।

२) क.१. कृषि अनुसन्धान प्रयोजनको बाहेक कसैले पनि यस ऐन बमोजिम सूचित नभएका बिउ बिजन बिक्री वितरण गर्न पाइनेछैन। कसैले उपदफा २ क १ बमोजिम सूचित नभएका बिउ बिजन बिक्री वितरण गरेको पाइएमा त्यस्तो बिउ बिजन बाली निरीक्षकले जफत गर्नेछ।

२) क.२. सूचित बिउ बिजनको बिक्री वितरण :
सूचित बिउ बिजनको बिक्री वितरण गर्ने ब्यक्ति वा संस्थाले आफ्नो बिक्री वितरण गर्ने भाँडोमा देहायको बिबरण उल्लेख गर्नुपर्नेछ।

- बिउ बिजनको किसिम र जात
- न्यूनतम गुणस्तरको हद
- रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सो को विवरण
- तोकिएको बमोजिम अन्य कुराहरु

२) क.३. बाली निरीक्षण, बिउ बिजन नमूना संकलन तथा बिउ बिजन

विश्लेषक समबन्धी व्यवस्था

उप-महानगरपालिकाले आवश्यकता अनुसार तोकिएको योग्यता पुगेका बाली निरीक्षक बिउ बिजन नमूना संकलक तथा बिउ बिजन विश्लेषक नियुक्त तथा तोक्न सक्नेछ ।

३) जथाभावी रासायनिक बिषादी प्रयोग गरी बेचबिखन गर्न नपाइने । फलफूल तरकारी खाद्यान्न बाली च्याऊ महलगायत अन्य उपभोग्य वस्तुहरुमा आम उपभोक्तालाई असर पर्ने गरी रासायनिक बिषादी प्रयोग भएका कृषि वस्तुहरु बिक्री वितरण गर्ने सम्बन्धमा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।

४) बाँझो जमिन राख्न नपाइने ब्यबस्था यस उप-महानगरपालिकाभित्र खेतीयोग्य जमिन कुनै पनि बहानामा बाँझो राख्न पाइने छैन यदि कसैको बाध्यात्मक परिस्थिति परी बाँझो छोड्न पर्ने अवस्था रहेमा नगरपालिकालाई कारणसहित जानकारी गराउनु पर्नेछ। यस सम्बन्धमा आवश्यक नियमावली बनाइ लागु गरिनेछ ।

५) कृषियोग्य जमिनलाई घर जग्गा व्यवसाय वा अन्य प्रयोजनको रुपमा अव्यवस्थित तरीकाले खण्डिकरण (प्लटिङ) गर्ने कार्यलाई निरुत्साहित गर्नको लागि आवश्यक नियमावली बनाई कार्यान्वन गरिनेछ ।

**जलचर संरक्षण ऐन**

- ❑ प्रकृतिक जलाशयमा रहेका कुनै खास प्रकारका जलचर माछा, कछुवा, धरिपाल मगर, गोही, सोस, ओत आदिलाई समात्न मार्न वा चोट पुऱ्याउने प्रतिबन्ध लगाइएको छ ।
- ❑ घोराही उप-महानगरपालिका भित्रका नदी, खोला, घोल, तालतलैया आदिमा निम्न तरीकाले सार्वजनिक जलाशयका माछा समात्न र मार्न प्रतिबन्ध लगाइएको छ ।

क) विषादी प्रयोग गर्न ।

ख) विस्फोटक पदार्थ प्रयोग गर्न ।

